# बीउ बिजन ऐन, २०४५ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : बीउ बिजन ऐन, २०४५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "बीउ बिजन (दोस्रो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरन्त प्रारम्भ हुनेछ ।

२. बीउ बिजन ऐन, २०४५ को दफा २ मा संशोधन : बीउ बिजन ऐन, २०४५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को उपदफा २.१ को,-

(१) खण्ड २.१.२ को सट्टा देहायको खण्ड २.१.२ राखिएको छ :-

"२.१.२ "बाली" भन्नाले खाद्यान्न, तरकारी, दलहन, तेलहन, नगदेबाली, फलफूल, घाँसबाली तथा आलङ्कारिक जस्ता बाली सम्झनुपर्छ ।"

(२) खण्ड २.१.३ को सट्टा देहायको खण्ड २.१.३ राखिएको छ :-

"२.१.३ "कृषिकार्य" भन्नाले बाली उत्पादन गर्ने कार्य सम्झनु पर्छ ।"

(३) खण्ड २.१.११ मा रहेको "राखिएको" भन्ने शब्द पछि "वा लेखिएका" भन्ने शब्दहरु थपिएका छन् ।

(४) खण्ड २.१.१२ पछि देहायका खण्ड २.१.१३, २.१.१४, २.१.१५ र २.१.१६ थपिएका छन् :-

"२.१.१३ "मन्त्रालय" भन्नाले कृषि सम्वन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।"

२.१.१४ "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।"

२.१.१५ "केन्द्र" भन्नाले बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र सम्झनु पर्छ ।"

"२.१.१६ "प्रदेश समिति" भन्नाले दफा ६क. बमोजिमको प्रदेश बीउ बिजन व्यवस्थापन समिति सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : (१) मूल ऐनको दफा ३ को उपदफा ३.२ को खण्ड ३.२.७ मा रहेको "तरकारी" भन्ने शब्दको सट्टा "वागवानी" र सोही खण्डमा रहेको "वैज्ञानिकमध्ये" भन्ने शब्दको सट्टा "विशेषज्ञमध्ये" भन्ने शब्द राखिएको छ ।

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को,-

(१) उपदफा ५.२ को सट्टा देहायको उपदफा ५.२ राखिएको छ :-

"५.२ बीउ बिजन उत्पादन तथा वितरण कार्यमा प्रदेश सरकार तथा स्थानीय तह र निजी क्षेत्र बीच समन्वय कायम गरी बीउ बिजनको गुणस्तर नियन्त्रण तथा मापदण्ड निर्धारणमा एकरुपता ल्याउने।"

(२) उपदफा ५.८घ पछि देहायको उपदफा ५.८ङ थपिएको छ :-

"५.८ङ समितिको निर्णयहरु प्रदेश मन्त्रालय, प्रदेश समिति र बीउ बिजन परीक्षण प्रयोगशाला लगायत अन्य सम्बन्धित निकायमा लेखि पठाउने।"

५. मूल ऐनमा दफा ६क. थप : मूल ऐनको दफा ६ पछि देहायको दफा ६क. थपिएको छ :-

"६क. प्रदेश बीउ बिजन व्यवस्थापन समितिको गठन :

६क.१ प्रदेशमा बीउ बिजन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्न र बीउ बिजन सम्बन्धी आवश्यक परामर्श दिन प्रदेश सरकारले प्रदेश बीउ बिजन व्यवस्थापन समितिको गठन गर्न सक्नेछ ।

६क.२ उपदफा ६क.१ बमोजिम गठित समितिको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ ।"

६. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :-

"९. बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना :

९.१ बीउ बिजनको परीक्षण र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि नेपाल सरकारले बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना गर्न सक्नेछ ।

९.२ बीउ बिजनको परीक्षण र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि मन्त्रालयले तोकेको मापदण्ड बमोजिम हुने गरी सम्वन्धित प्रदेश कानुन बमोजिम प्रदेश मन्त्रालय वा स्थानीय तह वा कुनै व्यक्ति वा निजी सङ्घ संस्थाले बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना गर्न सक्नेछन्।

९.३ उपदफा ९.१ र ९.२ बमोजिम स्थापना भएका प्रयोगशालाको प्राविधिक रेखदेख र नियन्त्रण समितिबाट हुनेछ।"

७. मूल ऐनको दफा १०क. मा संशोधन : मूल ऐनको दफा १०क.को सट्टा देहायको दफा १०क.राखिएको छ :-

"१०क. नवीकरण :

१०क.१ दफा ९ बमोजिम स्थापना भएका प्रयोगशालाले प्रत्येक वर्ष समितिबाट प्राविधिक परीक्षण (टेक्निकल अडिट) गराई अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

१०क.२ उपदफा १०क.१ बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा वा प्राविधिक परीक्षणबाट तोकेको मापदण्ड पूरा भएको नपाइएमा त्यस्तो प्रयोगशालाको अनुमतिपत्र स्वतः खारेज हुनेछ ।"

८. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः

"११. बीउ बिजनको किसिम वा जात सूचित गर्ने अधिकार :

११.१ मन्त्रालयले कृषि कार्यको निमित्त प्रयोग गरिने बीउ बिजनको कुनै किसिम वा जातको गुणस्तर नियमित तथा नियन्त्रण गर्न आवश्यक देखेमा समितिको परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो किसिम वा जातको बीउ बिजनहरू सूचित बीउ बिजनको रुपमा तोक्न सक्नेछ ।

११.२ मन्त्रालयले उपदफा ११.१ बमोजिम सूचित बीउ बिजन तोक्दा विभिन्न क्षेत्रको लागि उपयुक्त हुने बीउ बिजनको किसिम वा जात समेत तोक्नु पर्नेछ।

११.३ प्रदेश समितिले आफ्नो क्षेत्रभित्र उपयुक्त हुने बीउ बिजन सूचित गर्न चाहेमा तोकिएको मापदण्ड र प्रकृया पूरा गरी त्यस्ता बीउ बिजनको किसिम वा जात समिति समक्ष सिफारिस गर्नु पर्नेछ ।

११.४ वालीहरुका प्रकृति अनुसार बीउ बिजनको जात सूचित गर्ने प्रकृया तोकिए बमोजिम फरक हुन सक्नेछ।"

९. मूल ऐनको दफा ११ख. मा संशोधनः मूल ऐनको दफा ११ख. सट्टा देहायको दफा ११ख. राखिएको छः-

"११ख. विक्री वितरण गर्न नपाइने :

११ख.१ कसैले यस ऐन बमोजिम सूचित नभएका बीउ बिजन बिक्री गर्न गराउन हुँदैन ।

११ख.२ उपदफा ११ख.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि कृषि अनुसन्धान प्रयोजनको लागि यस ऐन बमोजिम सूचित नभएका बीउ बिजन बिक्री वितरण गर्न बाधा पर्ने छैन ।"

१०. मूल ऐनमा दफा ११ग. र ११घ. थप : मूल ऐनको दफा ११ख. पछि देहायको दफा ११ग. र ११घ. थपिएका छन् :-

"११ग. जफत हुने :

११ग.१ कसैले यस ऐनको बर्खिलाप हुने गरी कुनै बीउ बिजनको जातीय परीक्षण, गुणस्तर परीक्षण, आयात, निर्यात, उत्पादन, प्रशोधन, ओसारपसार, भण्डारण र बिक्री वितरण गरेमा त्यस्ता बीउ बिजनहरु बीउ बिजन निरीक्षकले जफत गर्न सक्नेछ।

११ग.२ बीउ बिजनको जफत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११घ. क्षतिपूर्ति दिनु पर्ने :

"११घ.१ कुनै सरकारी संस्था, निकाय, कम्पनी वा फर्मले सिफारिस गरेको बीउ, बिजन सिफारिस गरेको क्षेत्र र समयमा सिफारिस गरेको विधि, प्रक्रिया वा तरिका बमोजिम गरेको खेती वा त्यस्तो संस्था, निकाय, कम्पनी वा फर्मबाट सिफारिस गरिएको बीउ, विजन, विधि, प्रकृया वा मल सिफारिस गरिएको तरिका बमोजिम प्रयोग गरेको अवस्थामा कसैको वाली उत्पादन हुन नसकेमा वा सारभूत रुपमा बाली उत्पादनमा कमी आएमा त्यस्तो बीउ, विजन, विधि, प्रकृया वा मल सिफारिस गर्ने संस्था, निकाय, कम्पनी वा फर्मले क्षतिपूर्ति दिनु पर्नेछ ।

११घ.२ उपदफा ११ घ.१ बमोजिम दिइने क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

११. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ मा रहेको "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ ।

१२. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ को,-

(१) उपदफा १५.१ मा रहेको "व्यक्तिले" भन्ने शब्दको सट्टा "व्यक्ति वा संस्थाले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा १५.३ को सट्टा देहायको उपदफा १५.३ राखिएको छ :-

"१५.३ उपदफा १५.२ बमोजिम स्वीकृति प्राप्त भएपछि सम्बन्धित व्यक्ति वा संस्थाले सूचीत बीउ बिजनको निकासी वा पैठारी गर्न सक्नेछ।"

१३. मूल ऐनको दफा १५क. मा संशोधन : मूल ऐनको दफा १५क. को सट्टा देहायको दफा १५क. राखिएको छ :-

"१५क. निकासी वा पैठारीमा रोक लगाउन सक्ने :

१५क.१ कसैले मानव, पशुपन्छी, बिरुवा, वातावरण, संस्कृति र जनजीवनमा प्रतिकूल प्रभाव पुऱ्याउन सक्ने कुनै खास जातको बीउ बिजन वा अनुवंश परिवर्तित जीव (जेनेटिकल्ली मोडिफाईड अर्गानिजम) वा जीवित रूपमा रूपान्तरित जीव (लिभिङ्ग मोडिफाईड अर्गानिजम) वा वंश नपुंसक बीउ (टर्मिनेटर सिड) को निकासी वा पैठारी गर्नु अघि तोकिए बमोजिम जोखिम विश्लेषण गर्नुपर्नेछ ।

१५क.२ उपदफा १५क.१ बमोजिम गरिएको जोखिम विश्लेषणको आधारमा निकासी वा पैठारी गर्न उपयुक्त नदेखिएको बीउ बिजन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निकासी वा पैठारी गर्न रोक लगाउन सक्नेछ ।

१५.क.३ यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको अनुमति लिई दफा १५क.१ मा उल्लिखित प्रकृतिका बीउ बिजनको अध्ययन अनुसन्धान गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

१४. मूल ऐनमा दफा १५ख., १५ग. र १५घ. थप : मूल ऐनको दफा १५क. पछि देहायको दफा १५ख., १५ग. र १५.घ थपिएका छन् :-

१५ख. मूल वा श्रोत बीउ उत्पादनको अनुमति लिनु पर्ने :

"१५ख.१ कुनै व्यक्ति वा संस्थाले मूल वा स्रोत बीउ उत्पादन गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमको दस्तुर सहित समिति समक्ष निवेदन दिनु पर्नेछ ।

१५ख.२ उपदफा १५ख.१ बमोजिम निवेदन परेमा समितिले आवश्यक जाँचबुझ गरी अनुमति प्रदान गर्न सक्नेछ।

१५ख.३ समितिले तोकेको गुणस्तर र मापदण्ड बमोजिम हुने गरी प्रदेश सरकारले प्रदेश कानून बमोजिम कुनै व्यक्ति वा संस्थालाई मूल वा स्रोत बीउ उत्पादन गर्न अनुमति दिन सक्नेछ ।

१५ख.४ मूल वा स्रोत बीउ उत्पादन गर्न अनुमति दिने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५ख.५ यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि घरायसी प्रयोजनका लागि मूल वा स्रोत बीउ उत्पादन गर्न अनुमति लिनु पर्ने छैन।

१५ग. वर्णशङ्कर बीउ उत्पादनको अनुमति लिनु पर्ने :

१५ग.१ कुनै व्यक्ति वा संस्थाले वर्णशंकर बीउ उत्पादन गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमको दस्तुर सहित समिति वा प्रदेश समिति समक्ष निवेदन दिनु पर्नेछ ।

१५ग.२ उपदफा १५ग.१ बमोजिमको निवेदन प्राप्त भएपछि समितिले आवश्यक जाँचवुझ गरी त्यस्तो बीउ उत्पादन गर्न अनुमति दिन सक्नेछ ।

१५ग.३ समितिले तोकेको गुणस्तर र मापदण्ड बमोजिम हुनेगरी प्रदेश सरकारले प्रदेश कानून बमोजिम कुनै व्यक्ति वा संस्थालाई वर्णशंकर बीउ उत्पादन गर्न अनुमति दिन सक्नेछ ।

१५ग.४ वर्णशंकर बीउ उत्पादन गर्न अनुमति दिने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५ग.५ यस दफामा जुनसुकै करा लेखिएको भए तापनि घरायसी प्रयोजनको लागि वर्णशंङ्कर बीउ उत्पादन गर्न अनुमति लिनु पर्ने छैन।

१५.घ जातीय विकास तथा सम्वर्द्धन गर्न अनुमति लिनु पर्ने :

१५.घ.१ कुनै व्यक्ति वा संस्थाले कुनै बीउको जातीय विकास तथा सम्वर्द्धन गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमको दस्तुर सहित समिति समक्ष निवेदन दिनु पर्नेछ ।

१५.घ.२ उपदफा १५घ.१ बमोजिमको निवेदन प्राप्त भएपछि समितिले आवश्यक जाँचबुझ गरी कुनै बीउको जातीय विकास तथा सम्वर्द्धन गर्न अनुमति दिन सक्नेछ।

१५.घ.३ समितिले तोकेको गुणस्तर र मापदण्ड बमोजिम हुनेगरी प्रदेश सरकारले प्रदेश कानून बमोजिम कुनै बीउको जातीय विकास तथा सम्वर्द्धन गर्न अनुमति दिन सक्नेछ ।

१५.घ.४ बीउको जातीय विकास तथा सम्वर्द्धन गर्नेे सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५घ.५ यस दफामा जुनसुके कुरा लेखिएको भए तापनि घरायसी प्रयोजनको लागि जातीय विकास तथा सम्वर्द्धन गर्न अनुमति लिनु पर्ने छैन ।"

१५. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :-

"१६. बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक तोक्ने :

१६.१ मन्त्रालयले तोकिए बमोजिमको योग्यता पुरा गरेका मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहमा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक तोक्न सक्नेछ ।

१६.२ मन्त्रालय वा प्रदेश मन्त्रालयले आवश्यकता अनुसार तोकिएको योग्यता पुगेका र समितिबाट सञ्चालित परीक्षा उतीर्ण गरेका निजी क्षेत्रका व्यक्तिलाई समेत बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक नियुक्त गर्न सक्नेछ ।

१६.३ उपदफा १६.२ बमोजिम प्रदेश मन्त्रालयले बीउ बिजन निरिक्षक नियुक्ती गरेको जानकारी समितिलाई दिनु पर्नेछ ।

१६.४. उपदफा १६.१ र १६.२ मा उल्लिखित अवस्थामा बाहेक कसैले पनि यस ऐन बमोजिम अनुमतिपत्र नलिई बीउ बिजन निरीक्षण गर्न वा विश्लेषण गर्न हुँदैन ।

१६.५ उपदफा १६.२ बमोजिम नियुक्त बीउ बिजन निरिक्षकको काम, कर्तव्य र अधिकार र कार्य क्षेत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६.६ यो ऐन प्रारम्भ हुनु अगावै अनुमति प्राप्त गरेका बाली निरीक्षक वा बीउ बिजन नमुना सङ्कलकलाई मन्त्रालयले बीउ बिजन निरीक्षकको रूपमा काम गर्न तोक्न सक्नेछ।"

१६. मूल ऐनको दफा १८क. मा संशोधन : मूल ऐनको दफा १८.क को सट्टा देहायको दफा १८.क राखिएको छ :-

"१८.क कृषकको अधिकार रहने : नेपालमा परम्परादेखि प्रयोग र अबलम्बन गरिँदै आएको स्थानीय बीउ बिजन वा जात वा कृषि प्रजातिको बालीको बीउ बिजनमा कृषकको स्वामित्व, जात छनौट र संरक्षणको अधिकार रहनेछ ।

१७. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को,-

(१) उपदफा १९.१ मा रहेको "पचास हजार रुपैयाँ जरिबाना" भन्ने शब्दहरूको सट्टा "पचास हजार देखि एक लाख रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुबै सजाय" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा १९.२ मा रहेको "दश हजारदेखि बीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "पचास हजार देखि एक लाख रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिना कैद वा दुबै सजाय" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपदफा १९.३ मा रहेको "दश हजार देखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "दश हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि तीन महिना कैद वा दुबै सजाय" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उपदफा १९.४ मा रहेको "पच्चीस हजार रुपैयाँ जरिबाना" भन्ने शब्दहरूको सट्टा "पच्चीस हजार रुपैंयाँ जरिबाना वा एक महिनादेखि तीन महिना कैद वा दुबै सजाय" भन्ने शब्दहरू राखिएका छन् ।

(५) उपदफा १९.५ मा रहेको "दश हजारदेखि बीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "पन्ध्र हजारदेखि पच्चीस हजार रुपैंयाँसम्म जरिबाना वा एक महिनादेखि दुई महिना कैद वा दुबै सजाय" भन्ने शब्दहरू राखिएका छन् ।"

(६) उपदफा १९.५ पछि देहायको उपदफा १९.६ थपिएको छ :-

"१९.६ कसैले बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकलाई यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका तथा कार्यविधि कार्यान्वयन गर्दाका बखत कुनै बाधा अवरोध खडा गरेमा वा धम्की दिएमा निरीक्षकले पटकै पिच्छे पच्चीस हजार रुपैयासम्म जरिवाना गर्नेछ ।"

१८. <u>मूल ऐनको दफा २१ मा संशोधन</u> : मूल ऐनको दफा २१ को,

(१) उपदफा २१.१ मा रहेका "बीउ बिजन नमूना सङ्कलकले" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयले तोकेको आफु मातहतको बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा २१.२ मा रहेका "मुद्दा दायर भईसकेपछि मुद्दाको बहस पैरवी र पुनरोवदन सरकारी वकिलबाट हुनेछ" भन्ने शब्दहरुको सट्टा "सरकारी वकिलको राय लिई त्यस्तो राय बमोजिम मुद्दा चलाउनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

१९. <u>मूल ऐनमा दफा २१क. थप</u> : मूल ऐनको दफा २१ पछि देहायको २१क. थपिएको छ :-

"२१क. <u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u> : यस ऐन बमोजिम कसुर ठहरिने कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने सो ऐन बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।"

२०. <u>रूपान्तर</u> : मूल ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहाय बमोजिमका शब्दहरू राखी रूपान्तर गरिएको छ :-

(१) "कृषि तथा सहकारी विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टामा "कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय",

(२) "बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक" शब्दहरुको सट्टामा "बीउ बिजन निरीक्षक" ।